# मकालु गाउँपालिका
## MAKALU RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of Ruralmunicipal Executive

पत्र संख्या: २०७९/०८०
Ref. No.:
चलानी नं: ९६५.
Dispatch No.:

नुम, सङ्खुवासभा
Num, Sankhuwasabha
१ नं. प्रदेश, नेपाल
Province No. 1, Nepal

विषय : **करार सेवा पदपुर्ति सम्बन्धि सूचना ।**

प्रथम पटक प्रकाशित मिति : २०७९।०५।२२

यस मकालु गाउँपालिकाको लागि निम्न पदमा करार नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको २१ दिन भित्र रितपूर्वकको दरखास्त आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| वि.नं. | पद | सेवा / समुह | तह / श्रेणी | संख्या | कै |
|---|---|---|---|---|---|
| १००१/०७९/८० | मेडिकल अफिसर | नेपाल स्वास्थ्य / ज.हे.स. | अधिकृत आठौं | १ | |
| १००२/०७९/८० | हेल्थ असिष्टेण्ट | स्वास्थ्य/हे.ई. | स.पाचौं | १ | |
| १००३/०७९/८० | स्टाफ नर्स | स्वास्थ्य/प.हे.न. | स.पाचौं | २ | |
| १००४/०७९/८० | रेडियोग्राफर | स्वास्थ्य/रेडियोग्राफी | स.पाचौं | १ | |

- **दरखास्त दिने अवधि** : २०७९।०५।२३ गते देखि २०७९।०६।१२ गते सम्म
- **दरखास्त दिने स्थान** : मकालु गाउँपालिका , स्वास्थ्य शाखा ।
- **दस्तुर** : अधिकृत स्तरको लागि रु १००० र सहायक स्तरको लागि रु ६०० मात्र ।आवेदकले मकालु गाउँपालिकाको खाता नं ०२६१५३८९५५४ आन्तरिक राजस्व खाता सिद्धार्थ बैंक नुममा बुझाएको भौचर वा गाउँपालिकाको राजस्व शाखाको नगदी रसिद सक्कल संलग्न राखुपर्नेछ ।
- **परिक्षाको किसिम** : लिखित र मौखिक
- **परिक्षाको मिति** : दरखास्त दिने मितिको अन्तिम दिनको भोली पल्ट सम्पर्क मितिमा तोकिनेछ ।
- **पारिश्रमिक तथा अन्य सुविधा** : मकालु गाउँपालिकाको करार सम्झौतामा उल्लेख भए बमोजिम ।

  **योग्यता**

- नेपाली नागरिक
- **मेडिकल अधिकृतका लागि** : नेपाल सरकारबाट मान्यता प्रास शिक्षण संस्थाबाट MBBS कोर्ष उत्तिर्ण गरेको र NMC मा दर्ता भएको ।
- **हे.अ.को लागि** : नेपाल सरकारबाट मान्यता प्रास शिक्षण संस्थाबाट हे.अ. कोर्ष उत्तिर्ण गरेको र नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको ।
- **स्टाफ नर्सको लागि** : नेपाल सरकारबाट मान्यता प्रास शिक्षण संस्थाबाट स्टाफ नर्स कोर्ष उत्तिर्ण गरेको र नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको ।
- **रेडियोग्राफरको लागि** : नेपाल सरकारबाट मान्यता प्रास शिक्षण संस्थाबाट रेडियोग्राफर कोर्ष उत्तिर्ण गरेको र नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको ।
- अधिकृत स्तरको लागि २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको र सहायक स्तरको लागि १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने ।
- अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।
- दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु : उमेद्वारको व्यक्तिगत विवरण , शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी , नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी , कार्यअनुभव भए सो को प्रतिलिपी , प्रचलित नेपाल सरकारको कानुन बमोजिम विभिन्न काउन्सिल वा परिषद वा अन्य दर्ता भएको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्नेछ । साथै म्याद नाघि वा रितपूर्वक नआएमा आवेदन उपर कारबाही हुने छैन ।
- दरखास्त आवेदन फारम मकालु गाउँपालिकाको वेवसाईट www.makalumun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।
- सूचना सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ , अन्य जानकारीको लागि मकालु गाउँपालिकाको स्वास्थ्य शाखाको फोन नं ९८४३१२१४२५ , ९८६२१३५९७० र ९८४२५११९३३ मा सम्पर्क गर्न सकिनेछ ।

२०७९।०५।२२
इन्द्र बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत